मिति २०७७/१०/२६ को नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाण्डौं

### प्रतिस्पर्धाबाट शिकार गराउनको लागि सिलबन्दी दरभाउ-पत्र आह्वानको १५ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति २०७७/१०/२६**

१. सिलबन्दी दरभाउपत्र विभागको आर्थिक प्रशासन शाखाबाट २०७७/११/१० गतेसम्म कार्यालय समयभित्र खरिद गरी २०७७/११/११ गते दिउँसो १२:०० बजेसम्म विभागमा दाखिला गरीसक्नुपर्नेछ।

२. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा निवेदन साथ निम्न कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ।
- ✓ कम्पनी दर्ता प्रमाणपत्रको छाँया प्रति,
- ✓ स्थायी लेखा नं./ मु.अ.कर दर्ता प्रमाणपत्रको छाँया प्रति,
- ✓ कबोल अङ्कको ३ (तीन) प्रतिशतले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३२९०३३५०१ मा जम्मा गरेको सक्कलै भौचर,
- ✓ पेशेवर शिकारी अनुज्ञापत्रको छाँया प्रति, र
- ✓ आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको छाँया प्रति।

३. सिलबन्दी दरभाउपत्र खरिद गर्नको लागि निवेदनसाथ राजस्व रकम रु.१०००।०० (एक हजार) राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं.३२९०३३५०१ र खाता नं. १०००२०००१०००० मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र कबोल गरेको रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ। अंक र अक्षरमा कबोल गरेको रकम अन्यथा भएमा अक्षरमा उल्लेख गरेकोलाई मान्यता दिइने छ।

५. ढोरपाटन शिकार आरक्षमा शिकार व्यवस्थित गर्नको लागि ब्लक छुट्ट्याइएको छ। शिकार गर्ने गराउने सिलबन्दी दरभाउपत्रदाताले ब्लक अनुसारको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्ने छ। प्रत्येक ब्लकमा कबोल गरेको सबैभन्दा बढी रकम सो ब्लकको बाँकि कोटाको लागि पनि सोही रकम कायम हुने छ।

६. तोकिएको समयभित्र पेश हुन आएका सिलबन्दी दरभाउपत्र २०७७/११/११ गते दिउँसो १२:३० बजे सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सिलबन्दी दरभाउपत्र पेश गर्ने वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पुर्याएको मानिने छैन। सो दिन बिदा पर्ने गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र खोलिने छ।

७. उल्लिखित प्रक्रिया पूरा गरी शिकार अनुज्ञापत्र पाउने व्यवसायिक शिकारीले शिकार गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को परिच्छेद-३ को शिकार सम्बन्धी व्यवस्था नियम ५, ६ र ७ को पूर्णरुपमा पालना गर्नुपर्ने छ ।

८. शिकार गर्दा ढोरपाटन शिकार आरक्ष कार्यालयका कर्मचारीको रोहवरमा/निगरानीमा गर्नुपर्ने छ।

९. शिकारबाट प्राप्त आखेटोपहारहरु ओसारपसार तथा निकाशी गर्दा ढोरपाटन शिकार आरक्ष कार्यालयबाट प्रमाणित गरेको कागजात संलग्न हुनुपर्नेछ।

१०. शिकार व्यवस्थापन सम्बन्धमा यस सूचनामा उल्लेख भएको सिमा एवं शर्त यहि बमोजिम हुने छ र अन्य विषयको हकमा प्रचलित ऐन नियमअनुसार हुने छ।

११. शिकार व्यवस्थापन गर्ने सम्बन्धमा सम्पूर्ण अधिकार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा सुरक्षित रहने छ।

१२. पेशेवार शिकारी अनुज्ञापत्र प्राप्त संस्था सिलबन्दी दरभाउको प्रतिस्पर्धामा छनोट भई सिजनको शिकार गर्ने वन्यजन्तुको लागि कबोल गरेको राजश्व बुझाई सकेपछि शिकार नगरेको अवस्थामा सो राजश्व रकम फिर्ता हुने छैन।

-------